# आइसिपिडीको पच्चीस वर्षे यात्रा : जनङ्ख्या र विकासमा प्रतिबद्धता

सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा जनसंख्या र विकासका लागि अन्तराष्ट्रिय सम्मेलन (आइसिपिडी) आयोजना भएको ठिक २५ वर्ष पुगेको छ। नेपाल लगायत १७९ देशहरुले हस्ताक्षर गरेको आइसिपिडीको कार्ययोजनाले विकासका प्रयासहरुमा महिलाहरुको प्रजनन स्वास्थ्य र अधिकारलाई केन्द्रमा राख्न जोड दियो। सन् १९९४ यता विश्वभर उल्लेखनिय प्रगति हासिल भएता पनि धेरै महिला तथा किशोरीहरुलाई अझै पनि आइसिपिडीको एजेण्डाले छुन सकेको छैन।

विगत २५ वर्षमा भएका उपलब्धिहरु मनाउदै गर्दा वर्तमानको आवश्यकता भनेको बाँकी रहेका अपूर्ण काम पूर्ण बनाउनका लागी एउटा मार्गचित्र तयार गर्नु हो। सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न आइसिपिडीको एजेण्डा पनि साकार बनाउन आवश्यक देखिन्छ। आइसिपिडीको २५ औ वार्षिकोत्सव यस्तो सुनौलो अवसर हो जसले आइसीपीडीको कार्ययोजनालाई पूर्ण रुपमा कार्यान्वयन गर्न थप कार्यका लागी नयाँ उर्जा दिदैं राजनीतिक प्रतिबद्धता हासिल गर्न सहयोग गर्दछ।

यस अवसरलाई भव्यरुपमा मनाउन केन्या र डेनमार्कका सरकार अनि यूएनएफपीएको सहकार्यमा १२-१४ नोभेम्बर २०१९ मा नैरोबी शिखर सम्मेलन आयोजना हुदैछ। जसको उद्देश्य भनेको रोकथाम गर्न सकिने मातृ मृत्युदर, आधुनिक गर्भनिरोधक साधनहरुको अपुर्ण माग, लैङ्गिक हिंसा र महिला तथा किशोरीले भोगिरहेको समाजमा व्याप्त हानीकारक अभ्यासहरुको अन्त्य गर्ने लक्ष्य प्रति थप प्रतिबद्धता हासिल गर्नु हो। सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नका लागि यस्तो प्रतिबद्धता आउन अपरिहार्य छ। नैरोबी शिखर सम्मेलनले राष्ट्रसंघका सदस्य राष्ट्रहरु र सबै सरोकारवाललाई सबैका लागि अधिकार र छनौट सुनिश्चित गराउन एकै थलोमा ल्याउनेछ।

**आइसिपिडी पश्चात् के परिवर्तन भयो ?**

पछिल्ला दशकहरुमा नेपालले हासिल गरेका उल्लेखनीय प्रगति :

- मातृ मृत्यु दर अनुपात सन् १९९५ को ६६० बाट सन् २०१५ मा २५८ घटेको छ[१]।
- तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा प्रसूति गराउने दर सन् १९९६ को ९ प्रतिशतबाट बढेर सन् २०१६ मा ५८ प्रतिशत भएको छ।
- कुल प्रजजन दर सन् १९९६ को ४.६ बाट घटेर सन् २०१६ मा २.३ भएको छ।
- किशोरावस्थाको प्रजनन दर सन् १९९६ मा १२७ बाट घटेर सन् २०१६ मा ८८ भएको छ।
- आधुनिक गर्भनिरोधक साधनको प्रयोग दर सन् १९९६ को २६ प्रतिशतबाट बढेर सन् २०१६ मा ४३ प्रतिशत भएको छ।
- परिवार योजनाको अपरिपूर्त माग सन् २००६ को २४ दशमलव ६ प्रतिशतबाट २०१६ मा २३ दशमलव ७ प्रतिशतमा घटेको छ।

नेपाली महिलाले आफ्नो शरीरको बारेमा आफै निर्णय लिने, कहिले बच्चा जन्माउने वा नजन्माउने, कतिवटा जन्माउने, जन्मान्तर कति राख्ने भन्ने विषयमा थप सशक्त भएका छन्। नेपालको संविधानले सुरक्षित मातृत्व, प्रजजन स्वास्थ, अधिकार, समानता र समावेशीतालाई प्रत्याभूत गरेको छ।

## अपूर्ण कामहरु

नेपालमा उल्लेखनीय प्रगतिका बाबजुद लाखौं महिला र किशोरीहरु अझै आफ्नो यौन तथा प्रजजन स्वास्थ्य र अधिकारको उपभोग गर्न सकेका छैनन ।

- नेपालमा प्रत्येक एक लाख जिवित जन्ममा २३९ मातृमृत्यु रहेको छ[१] । धेरै महिलाले प्रसूतीको समयमा दीर्घकालीन अपांगता र चोटपटको सामना गर्दछन् । दिगो विकास लक्ष्य अनुसार नेपालले सन् २०३० सम्ममा प्रत्येक एक लाख जिवित जन्ममा मातृमृत्यु ७० मा झार्न निकै ठूलो प्रयास गर्नुपर्ने देखिन्छ ।
- आधुनिक गर्भनिरोधका साधनहरुको पहुँचबाट लगभग १५ लाख विवाहिता नेपाली महिलाहरु (जो आफ्नो प्रजनन क्षमता नियन्त्रण गर्न चाहन्छन्) टाढा छन् । यस पहुँचको अभावमा आफ्नो शरीरको बारेमा, गर्भवती हुने वा नहुने, हुने भए कहिले हुने भन्ने विषयमा स्वतन्त्र रुपमा आफै निर्णय लिन असमर्थ छन् । यसले जीवनका अन्य आयामहरु जस्तै शिक्षा, आय र सुरक्षाजस्ता विषयमा निर्णय गर्न सक्ने महिला तथा किशोरीहरुको क्षमतामा असर पार्दछ । उनीहरुलाई आफैले आफ्नो भविष्यको निर्धारण गर्न असमर्थ बनाउँदछ ।
- अझै पनि १५ देखि ४९ वर्ष उमेर समूहका २२ प्रतिशत महिलाहरुले १५ वर्षको उमेर देखि नै शारीरिक हिंसा भोगिरहेका छन् भने ७ प्रतिशतले यौन हिंसा भोगिरहेका छन् ।

## प्रतिबद्धतालाई गतिशीलता प्रदान गर्न आव्हान

आइसिपिडीका प्रतिबद्धतालाई पूरा गर्न तथा सन् २०३० सम्ममा हासिल गर्ने भनेर लिएका दिगो विकासका लक्ष्य नजिक पुग्न नैरोबी शिखर सम्मेलनले महत्वपूर्ण योगदान दिन सक्दछ ।

वर्तमान समयमा हामी अझै साहसी हुन तथा सही कदम लिन जरुरी छ । महिला तथा किशोरीहरुको अधिकार प्रत्याभूत गराउन हाल सामना गर्नु परेका सामाजिक, आर्थिक तथा संस्थागत अवरोधहरु चिर्दै सही दिशातर्फ लाग्नु पर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । यस्ता प्रयासहरुले देशको आर्थिक अवस्थामा सुधार गर्दै समृद्ध, समतामुलक तथा सवल समाजको निर्माण गर्दछ ।

आउनुहोस् यो महत्वपूर्ण अवसरलाई सदुपयोग गर्दै यस अभियानमा सहभागि बनौं र महिला तथा किशोरीहरुको जीवन, उनीहरुको परिवार तथा समुदायको उन्नती र सबैका लागि अधिकार र छनौट सुनिश्चित हुने संसारको निर्माण गर्न सहयोग गरौं ।

यदि अहिले गर्न सकेनौ भने कहिले त ?

थप जानकारी : www.nairobisummiticpd.org

*Data sources:*

*१ WHO (2015). Trends in Maternal Mortality: 1990 to 2015. Estimates by WHO, UNICEF, UNFPA, World Bank Group and the UN Population Division. 2015.*

*२ MoH, Nepal; New ERA; and ICF. 2017. Nepal Demographic and Health Survey 2016. Kathmandu, Nepal: Ministry of Health, Nepal.*